**बैठक संख्या : २३२ मिति : २०७८/०४/०७ समय : दिनको २:०० बजे**

**निर्णय :**

मुलुकमा हालै आइरहेको बाढी, पहिरो, डुवान लगायत विपद् व्यवस्थापन सम्बन्धमा छलफल गर्न बसेको राज्य व्यवस्था तथा सुशासन समितिको २३२औं बैठकमा माननीय गृह मन्त्री, गृह सचिव, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख लगायत राष्ट्रसेवक कर्मचारीहरुको उपस्थिति रहेको थियो । उक्त बैठकमा नेपाल सरकारका सम्बन्धित मन्त्रालय एवम् निकायहरुलाई देहाय बमोजिमको सुझाव एवम् निर्देशन दिने निर्णय भयोः-

१. विपद् व्यवस्थापनको कार्यलाई उद्दार र राहतमा मात्र सीमित नगरी तीनै तहका सरकारहरुको आपसी समन्वय, सहकार्य र साझेदारी मार्फत् विपद्को पूर्व अनुमान, पूर्वतयारी, प्रविधि, शिक्षा, उपकरण तथा श्रोत साधनहरुको प्रबन्ध मिलाई विपद् व्यवस्थापनमा नियमित सक्रियतापूर्ण तरिकाले क्रियाशील रहन नेपाल सरकार गृह मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई निर्देशन दिने,

२. विपद् व्यवस्थापनको कार्यलाई उच्च प्राथमिकता दिई विपद् एवम् जोखिमका सूचनाको पूर्व अनुमानयोग्य, यथार्थपरक तथ्याङ्क, सूचना एवम् जानकारी पारदर्शी रुपमा आम नागरिकहरुले जुनसुकै वेला (जहाँ, जहिले पनि) प्राप्त गर्न सक्ने गरी आवश्यक प्रबन्ध गर्न नेपाल सरकार गृह मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई निर्देशन दिने,

३. विपद् व्यवस्थापनको कार्यक्रम सञ्चालन गर्दा सरकारी एवम् गैरसरकारी पक्षका अतिरिक्त आम नागरिकहरुका बीचमा आपसी सहकार्य र साझेदारी कायम गर्दै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको भूमिकालाई सशक्त र प्रभावकारी बनाउन आवश्यक साधन स्रोत, प्रविधि एवम् जनशक्तियुक्त तुल्याउन आवश्यक व्यवस्था गर्न नेपाल सरकार गृह मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई निर्देशन दिने,

४. नेपाल सरकारबाट विपद् संकटग्रस्त घोषणा गरिएका सिन्धुपाल्चोक, मनाङ जिल्लाका विपद्ग्रस्त क्षेत्रहरुलाई विपद् व्यवस्थापनको नमूना क्षेत्रको रुपमा विकास गर्न नेपाल सरकार गृह मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई निर्देशन दिने,

५. विपदबाट बढी क्षतिग्रस्त भएका मनाङ सिन्धुपाल्चोक, दार्चुला लगायत अन्य जिल्ला तथा क्षेत्रहरुमा अवरुद्ध भएका स्थानीय पूर्वाधारहरु (विद्युत्, खानेपानी, सञ्चार लगायत) को शीघ्र मर्मत एवं सुचारु गर्न सम्बद्ध निकायहरुबीच आपसी समन्वय कायम गरी राहत, उद्दार, क्षतिपूर्ति, पुनःस्थापना, बस्ती स्थानान्तरणलाई उच्च प्राथमिकता दिंदै तदारुकताका

साथ विपद् जोखिम न्यूनीकरणको कार्यलाई अघि बढाउन नेपाल सरकार गृह मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई निर्देशन दिने,

६. बाढी एवं पहिरोबाट मनाङ लगायत मुलुकका विभिन्न ठाउँहरुमा जलविद्युत आयोजनाहरु क्षतिग्रस्त भएको हुँदा उक्त स्थानहरुमा तत्काल केन्द्रीय प्रशारण लाईनबाट विद्युत् आपूर्ति गर्न आवश्यक व्यवस्था मिलाउन नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयलाई निर्देशन दिने,

७. समितिबाट विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सम्बन्धमा यसअघि विभिन्न समयमा दिएका निर्देशनहरुको प्रभावकारी ढंगले कार्यान्वयन गर्न गराउन नेपाल सरकार गृह मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई निर्देशन दिने ।